**Far Western Journal of Education**
A Peer-reviewed Journal
ISSN: 3059-9113 (Print)
Published by Faculty of Education, Far Western University
Mahendranagar, Nepal

# माध्यमिक शिक्षाको वर्तमान नेपाली भाषा पाठ्यक्रम

**चेतराज भट्ट**
विद्यावारिधि शोधार्थी एवम् उपप्राध्यापक
सुदूरपश्चिम विश्वविद्यालय, सीताराम बहुमुखी क्याम्पस, डोटी, नेपाल
Email: chetrajbhatta11@gmail.com

## लेखसार

प्रस्तुत अध्ययन माध्यमिक शिक्षा ( कक्षा ९ र १० ) को वर्तमान नेपाली भाषा पाठ्यक्रम शीर्षकमा आधारित रहेको छ । यस लेखको उद्देश्य माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यक्रमको परिचय, तहगत सक्षमता वा सिकाइ उपलब्धि, पाठ्यवस्तुको छनोट र स्तरण, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाका आधारमा अध्ययन विश्लेषण गर्नु रहेको छ । यो अध्ययन गुणात्मक प्रकृतिको रहेकाले यसमा पुस्तकालयीय अध्ययन कार्यको उपयोग गरी माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमलाई प्राथमिक स्रोतको रूपमा र नेपाली भाषा पाठ्यक्रमसँग सम्बन्धित विभिन्न अनुसन्धानमूलक लेखरचनाहरू, सन्दर्भपुस्तकहरू र अनुसन्धानमूलक पुस्तकहरूलाई द्वितीय स्रोतको रूपमा लिई उपलब्ध सामग्रीहरूको व्याख्या विश्लेषण गरी लेखलाई वस्तुनिष्ठ, गुणस्तरीय र प्रमाणिक बनाइएको छ । भाषिक सिप आर्जनका निम्ति तयार पारिएको योजनाबद्ध दस्तावेजलाई भाषा पाठ्यक्रम भनिन्छ । माध्यमिक शिक्षाको नेपाली भाषा पाठ्यक्रम सिपगत सक्षमतामा आधारित रहेको छ । यसमा सक्षमतालाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी भाषिक सिपगत सक्षमतामा वितरण गरिएको छ । पाठ्यक्रममा भाषिक सिप विकासका साधनका रूपमा विभिन्न विधाहरू राखिएका छन् । विधाको प्रकृतिका आधारमा उपयुक्त भाषातत्त्वको संयोजन गरिएको छ । नेपाली भाषाको पाठ्यक्रमलाई व्यावहारिक बनाउन तहगत सक्षमता, सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटिएको छ । यस पाठ्यक्रममा नेपाली भाषा शिक्षणलाई समयसापेक्ष बनाउन विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा स्वरूपलाई विशेष ध्यान दिइएको छ । यसका आधारमा विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटिएको छ । यसका लागि सिकाइ सबलता, सिकाइको स्तर र त्यसको कार्यान्वयनका रूपमा सिकाइ सक्षमतालाई विशिष्टीकरण गरी सिकाइ उपलब्धिका रूपमा राखिएको छ । माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यक्रमलाई दृष्टिगत गर्दा यो पाठ्यक्रम भाषिक सिपमा आधारित, सम्प्रेषणात्मक र रचनामुखी रहेको पाइन्छ । यस अध्ययनबाट प्रस्तुत पाठ्यक्रम सिकारु केन्द्रित, सम्प्रेषणात्मक, रचनामुखी र भाषिक सिपमा आधारित रहेको निष्कर्ष निकालिएको छ ।

***प्रमुख शब्दावली:*** पाठ्यक्रम, सक्षमता, पाठ्यांश, पाठ्यवस्तु, स्तरण, मूल्याङ्कन

*© Author(s) and Publisher* *This open access article is distributed under a* ***Creative Commons Attribution-Non Commercial 4.0 (CC BY-NC 4.0) International Public License***

## विषयप्रवेश

नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हो। यस भाषाका माध्यमबाट विद्यार्थीहरूमा सिकाइ सक्षमता अभिवृद्धि गर्नु तथा मौखिक र लिखितरूपमा यसको सम्प्रेषण क्षमताको विकास गर्नु आवश्यक छ। विद्यालय तहमा नेपाली भाषा शिक्षणको उद्देश्य विद्यार्थीहरूको भाषिक दक्षता अभिवृद्धि गर्नुका साथै अन्य विषयको पठनपाठनको माध्यमलाई सहयोग गरी बोध तथा अधिव्यक्ति क्षमताको विकास गर्नु रहेको छ। माध्यमिक तह ( कक्षा ९ र १० ) को नेपाली भाषा पाठ्यक्रम सिपगत सक्षमतामा आधारित रहेको छ। यसमा सक्षमतालाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी भाषिक सिपगत सक्षमतामा वितरण गरिएको छ। पाठ्यक्रममा भाषिक सिप विकासका साधनका रूपमा विभिन्न विधाहरू राखिएका छन्। विधाको प्रकृतिका आधारमा उपयुक्त भाषातत्त्वको संयोजन गरिएको छ। नेपाली भाषाको पाठ्यक्रमलाई व्यावहारिक बनाउन तहगत सक्षमता, सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटिएको छ। यस पाठ्यक्रममा नेपाली भाषा शिक्षणलाई समयसापेक्ष बनाउन विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा स्वरूपलाई विशेष ध्यान दिइएको छ। यसका आधारमा विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटिएको छ। यसका लागि सिकाइ सबलता, सिकाइको स्तर र त्यसको कार्यान्वयनका रूपमा सिकाइ सक्षमतालाई विशिष्टीकरण गरी सिकाइ उपलब्धिका रूपमा राखिएको छ।

प्रस्तुत पाठ्यक्रममा सिकाइ उपलब्धिको स्तरण तथा आधारभूत तह र माथिल्ला कक्षासँग लम्बीय सन्तुलनसमेतका आधारमा विषयवस्तुको क्षेत्र र क्रम निर्धारण गरिएको छ। यसका साथै विषयगत विशिष्टपन र मौलिकतालाई समेटि सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया, भाषिक सिप र शैलीका माध्यमबाट निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ।

प्रस्तुत अध्ययन माध्यमिक शिक्षाको वर्तमान नेपाली भाषा पाठ्यक्रममा के कस्ता पक्षहरू समाविष्ट छन् जस्ता प्राज्ञिक समस्यामा आधारित रहेको छ। माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८ अनुसार उक्त पाठ्यक्रम कार्यान्यियन भएको अवस्थामा हालसम्म यसको अध्ययन विश्लेषण नभइकाले यहाँ यस अध्ययनको आवश्यकता रहेको छ। माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठयक्रममा समाविष्ट विभिन्न पक्षहरू पाठ्यक्रमको परिचय, तहगत सक्षमता तथा सिकाइ उपलब्धि, पाठ्यवस्तुको छनोट तथा स्तरण, सिकाइ सहजीकरण प्रक्रिया र मूल्यांकन प्रक्रियाका आधारमा उक्त पाठ्यक्रमको अध्ययन विश्लेषण नगरिएकाले यहाँ समस्याका रूपमा देखा परेको छ। भाषा पाठ्यक्रमलाई भाषिक सिप तथा विधातत्त्वका आधारमा अध्ययन विश्लेषण गरिए पनि भाषा पाठयक्रममा समाविष्ट विभिन्न पक्षहरूका आधारमा अध्ययन नगरिएकाले उक्त अनुसन्धान रिक्ततालाई परिपूर्ति गर्न यहाँ अध्ययन गरिएको छ। माध्यमिक शिक्षाको वर्तमान नेपाली भाषा पाठ्यक्रमको अध्ययन विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

## पूर्वअध्ययनको पुनरावलोकन

आचार्य ( सन् २०२४ ) ले पाठ्यक्रमको उपयोगका सम्बन्धमा नेपाली भाषा शिक्षकका दृष्टिकोण नामक लेख तयार पारेका छन्। प्रस्तुत अध्ययनमा नेपाली भाषा शिक्षणका क्रममा पाठ्यक्रमको प्रयोग सन्दर्भमा शिक्षकहरुका दृष्टिकोणहरूलाई केलाइएको छ। नेपाली भाषा कक्षामा पाठ्यक्रम प्रयोगको अवस्थालाई विश्लेषण गर्ने उद्देश्य यसमा राखिएको पाइन्छ।

आचार्य (२०८१) ले नेपाली भाषा पाठ्यपुस्तकमा विषयवस्तुको समावेशिकता शीर्षकमा लेख तयार पारेका छन्। पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुको समावेशिकताको अध्ययन गर्नु यस लेखको उद्देश्य रहेको छ। यस अध्ययनमा पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुलाई पाठ्यक्रम अनुरूप तथा समावेशिकताका आधारमा अध्ययन विश्लेषण गरिएको पाइन्छ।

इन्डियाना डिपार्टमेन्ट अफ एजुकेशन ( सन् २०१०) का विचारमा पाठ्यक्रम भनेको शैक्षणिक उद्देश्यहरू प्राप्तिको मूल्याङ्कनका लागि विषयवस्तु, सामग्री साधनस्रोत र प्रक्रियाहरूसँग विद्यार्थीको योजनाबद्ध अन्तरक्रिया हो । पाठ्यक्रममा लक्ष्य, पाठ्यविषय , त्यसलाई कार्यान्वयनमा लैजाने प्रक्रिया तथा साधन स्रोतको व्यवस्थित योजनाका रूपमा लिइएको छ ।

गिरी (सन् २०२२) को भाषा पाठ्यक्रममा ब्लुम्स टेक्सोनोमीको उपयोग शीर्षकको लेख प्रकाशित गरिएको छ । यस आलेखमा कक्षा दशको नेपाली भाषा पाठ्यक्रमका कक्षागत सिकाइ उपलब्धि तथा भाषिक सिपगत उद्देश्यहरूको विश्लेषण गरिएको छ । प्रस्तुत लेखमा भाषा पाठ्यक्रममा ब्लुम्स टेक्सोनोमीको उपयोग र यसको महत्त्व दर्शाइएको छ । प्रस्तुत अध्ययन पनि नेपाली भाषा पाठ्यक्रमसँग सम्बन्धित रहेकाले यहाँ यसको सान्दर्भिकता रहेको छ ।

घिमिरे (२०७६) ले ऐतिहासिक र वर्तमान परिप्रेक्ष्यमा नेपाली भाषा पाठ्यपुस्तक शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि गरेका छन् । प्रस्तुत अध्ययन नेपाली भाषा पाठ्यपुस्तकमा केन्द्रित रहेको छ । यस अध्ययनमा पाठ्यपुस्तकहरूको विषयवस्तु, भाषा, पाठहरूको संयोजन, अभ्यासको प्रस्तुति आदि निर्धारित मापदण्डमा आधारित रहेर विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन पाठ्यक्रम अनुरूपताका दृष्टिले भाषा पाठ्यपुस्तक सम्बन्धी अध्ययन विश्लेषण गर्न महत्त्वपूर्ण आधार सामग्री बन्न जाने देखिन्छ ।

घिमिरे (सन् २०२२) को परिमार्जित ब्लुम टेक्सोनोमीको अनुरूपताका दृष्टिले विद्यालय तहको नेपाली भाषा पाठ्यक्रम नामक लेख रहेको छ । प्रस्तुत लेख विद्यालय तहका नेपाली भाषा पाठ्यक्रमका सिकाइ उपलब्धिको ब्लुमटेक्सोनोमीय वर्गीकरण तथा भाषिक सिप वितरणको सन्तुलन पहिचान गर्नमा केन्द्रित रहेको छ । यस लेखमा माध्यमिक तहका नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरूलाई परिमार्जित ब्लुम टेक्सोनोमीका आधारमा विश्लेषण गरिएको छ ।

टायलर ( सन् १९५७ ) का अनुसार व्यक्तिलाई आवश्यक सबै प्रकृतिका सिकाइ अनुभवहरू विद्यालयमा शैक्षिक लक्ष्यका रूपमा हासिल गरिन्छन् । उनले ज्ञानको विस्तृत स्वरूपमा पाठ्यक्रमलाई चिनाउँदै शिक्षण सिकाइका माध्यमबाट सिकारूमा शैक्षिक अनुभवको विकास गर्ने आधारका रूपमा प्रस्तुत गरेका छन् ।

ढकाल (सन् २०२३) ले माध्यमिक तहको नेपाली पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिता शीर्षकमा लेख तयार पारेका छन् । प्रस्तुत लेखको उद्देश्य माध्यमिक नेपाली पाठ्यक्रम कार्यान्ययनको प्रभावकारिता पहिल्याउनु रहेको छ । प्रस्तुत आलेख शिक्षकले पाठ्यक्रमलाई कसरी उपयोग गर्दै आएका छन् भन्ने समस्यालाई अगाडि सारेर पाठ्यक्रम कार्यान्वययनको प्रभावकारिता पहिल्याउने उद्देश्यका साथ तयार गरिएको पाइन्छ ।

पाठ्यक्रम विकास केन्द्र (२०७६) द्वारा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, प्रकाशित गरिएको छ । यसमा पाठ्यक्रमसम्बद्ध समसामयिक पक्षहरू, पाठ्यक्रम विकासका सैद्धान्तिक आधार तथा नीति, विद्यालय शिक्षाको पाठ्यक्रम संरचना, अनुसन्धान र पाठ्यक्रम मूल्याङ्कनजस्ता पक्षहरूको चर्चा गरेको पाइन्छ ।

पाठ्यक्रम विकास केन्द्र (२०७८) द्वारा माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८ प्रकाशित गरिएको छ । यसमा माध्यमिक शिक्षा पाठ्यक्रमको परिचय तथा संरचना, शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको तहगत संरचना, विद्यालय शिक्षाको पाठ्यक्रम संरचना , पाठ्यक्रम कार्यान्वयन योजना, तहगत सक्षमता, विषयको क्षेत्र र क्रम र मूल्याङ्कन प्रक्रिया आदि पक्षबारे चर्चा गरिएको छ । प्रस्तावित अध्ययन पाठ्यक्रमसँग सम्बन्धित रहेकाले यसलाई उपयोगी सामग्रीका रूपमा लिइएको छ ।

पौडेल (सन् २०२२) को कक्षा दशको नेपाली पाठ्यक्रम (२०७१) को विश्लेषण शीर्षकमा लेख रहेको छ । यस लेखमा भाषा पाठ्यक्रमको धारणा स्पष्ट पारी पाठ्यक्रम निर्माण प्रक्रियाको चर्चा गर्दै कक्षा दसको नेपाली भाषा पाठ्यक्रम (२०७१) को विश्लेषण गरिएको छ ।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल नेसनल फेडरेसन अफ डिसेवल नेपाल (सन् २००४) को प्रतिवेदनमा

प्राथमिक तहदेखि उच्च माध्यमिक तह सम्मका अनिवार्य विषयका पाठ्यक्रमलाई दृष्टिबिहीन, बहिरा, शारीरिक र सुस्त मनस्थितिका अपाङ्हगरूले आ–आफ्ना दृष्टिकोण प्रस्तुत गरी पाठ्यक्रम समीक्षा तथा  सुधार गर्नुपर्ने चर्चा गरिएको छ ।

शर्मा ( २०६३) ले विद्यालय तहका भाषा पाठ्यक्रम र पाठ्यपुस्तक अनुरूपताको अध्ययनका आधारहरू शीर्षकको लेखमा भाषा पाठ्यक्रम  र भाषा पाठ्यपुस्तक अनुरूपताका आधारहरूको चर्चा गरेका छन् । यस लेखमा भाषा पाठ्यक्रमको प्रयोजन, भाषा पाठ्यक्रमको स्वभाव, भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध, भाषा पाठ्यक्रमको उद्देश्य आदि पक्षबारे प्रकाश पारिएको छ ।

शाह (२०७५) ले भाषिक सिप विकासका दृष्टिले कक्षा दसको नेपाली पाठ्यपुस्तकको विश्लेषण शीर्षकमा शोधपत्र तयार पारेका छन् । प्रस्तुत अध्ययन भाषिक सिप विकासका दृष्टिले कक्षा दसको नेपाली पाठ्यपुस्तकको विश्लेषणमा आधारित रहेको छ । भाषिक सिप विकासका दृष्टिले कक्षा दसको नेपाली पाठ्यपुस्तकको विश्लेषण गर्नु र उक्त पुस्तकको उपयुक्तता पहिल्याउनु यस शोधकार्यको उद्देश्य रहेको पाइन्छ ।

प्रस्तुत अध्ययनका लागि पूर्वकार्यको पुनरावलोकनबाट यथेष्ट सहयोग प्राप्त भएको छ । पूर्वकार्यको पुनरावलोकनबाट पाठ्यक्रम तथा पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणा र यिनीहरूका बिचको अन्तर्सम्बन्धको जानकारी प्राप्त गर्न  र यस अध्ययन अघि गरिएका शोधकार्यका बारेमा जानकारी प्राप्त भइ अध्ययनलाई सहज र उपलब्धिमूलक बनाउन सहयोग पुगेको छ । प्रस्तुत अध्ययनका क्रममा विभिन्न लेखहरूका सैद्धान्तिक पाठ्यसामग्री एवम् लेखहरूमा प्रस्तुत अवधारणाको पुनरावलोकनबाट पाठ्यक्रम तथा पाठ्यपुस्तक विश्लेषणको सिद्धान्त स्थापनामा सहयोग पुगेको छ भने यस अघि सम्पन्न गरिएका शोधकार्यबाट विश्लेष्य सामग्रीहरूको अध्ययन विश्लेषण गर्न सहयोग पुगेको छ । पूर्वकार्यको पुनरावलोकनबाट प्रस्तुत अध्ययन कार्यलाई सहज, प्रभावकारी तथा उपलबधिमूलक बनाउन सहयोग पुग्ने भएकाले यसको उपादेयता रहेको छ ।

प्रस्तुत अध्ययन सम्बद्ध  शोध र पूर्वाध्ययनको पुनरावलोकनलाई नियाल्दा नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकमा नगण्य मात्रामा अध्ययन भएको पाइन्छ । नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकमा केही अध्ययन कार्य भएपनि तुलनात्मक अध्ययन र पठनीयताको अध्ययन विषयमा सिमित  शोधखोज भएको पाइन्छ । माध्यमिक शिक्षाको परिमार्जित पाठ्यक्रम (२०७८) मा नेपाली भाषा विषयलाई लिएर कुनै पनि अध्ययनकार्य हुन सकेको छैन । हाम्रोजस्तो मुलुकमा पाठ्यक्रम र पाठ्यपुस्तकलाई शिक्षण सिकाइको भरपर्दो माध्ययम मान्न सकिन्छ । पाठ्यक्रमका लक्ष्य पूरा गर्ने  प्रमुख साधनका रूपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । कक्षाकोठामा शिक्षण सिकाइका लागि प्रभावकारि माध्यमका रूपमा पाठ्यक्रम  र पाठ्यपुस्तक लाई लिन सकिन्छ । पाठ्यक्रमजस्तो संवेदनशील विषयमा हाल सम्म पनि गहन अध्ययन विश्लेषण हुन सकेको छैन । शिक्षण सिकाइमा पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोग र यसको प्रभावकारिताको अध्ययन महत्त्वपूर्ण हुन आउँछ । भाषा पाठ्यक्रमलाई भाषिक सिप तथा विधातत्त्वका आधारमा अध्ययन विश्लेषण गरिए पनि भाषा पाठयक्रममा समाविष्ट विभिन्न पक्षहरूका आधारमा अध्ययन नगरिएकाले उक्त  अनुसन्धान रिक्ततालाई परिपूर्ति गर्न यहाँ अध्ययन गरिएको छ ।

## अध्ययन विधि

यो अध्ययन मूलतः गुणात्मक प्रकृतिको रहेको छ । अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि पुस्तकालयीय अध्ययन कार्यको उपयोग गरी सङ्कलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूको अध्ययन विश्लेषणबाट प्राप्त तथ्यलाई वस्तुगत र व्यवस्थित ढङ्गले प्रस्तुत गरिएको छ । माध्यमिक शिक्षाको नेपाली भाषा पाठ्यक्रमलाई प्राथमिक स्रोतको रूपमा र नेपाली भाषा पाठ्यक्रमसँग सम्बन्धित विभिन्न अनुसन्धानमूलक लेखरचनाहरू, सन्दर्भपुस्तकहरू र अनुसन्धानमूलक पुस्तकहरूलाई द्वितीय स्रोतको रूपमा लिई उपलब्ध सामग्रीहरूको व्याख्या विश्लेषण गरी  लेखलाई वस्तुनिष्ठ, गुणस्तरीय र प्रमाणिक बनाइएको छ । पुस्तकालयीय

अध्ययन कार्यमा आधारित प्रस्तुत अध्ययनमा मूलतः विश्लेषणात्मक पद्धतिबाट अध्ययनलाई पूर्णता दिइएको छ।

अनुसन्धानको मार्गनिर्देश गर्ने तौरतरिकालाई अनुसन्धान ढाँचा भनिन्छ। अनुसन्धान ढाँचालाई अनुसन्धान प्रश्नको उत्तर प्राप्त गर्नका लागि तर्जुमा गरिएको खोजको योजना , संरचना, प्रक्रिया र रणनीतिका रूपमा लिन सकिन्छ (घिमिरे,२०७६, पृ. ७९ )। सामन्यतया अनुसन्धानको क्षेत्रमा परिमाणात्मक, गुणात्मक र मिश्रित गरी तिन प्रकारका अनुसन्धान ढाँचाको बारेमा क्रसवेल (सन् २००९ ) ले चर्चा गरेका छन्। कुनै पनि विषयवस्तुको सन्दर्भ बहुआयामिक मूल्य, मान्यता र व्यक्तिको गहन बुझाइसँग सम्बन्धित अनुसन्धान ढाँचालाई गुणात्मक अनुसन्धा ढाँचा भनिन्छ (बेस्ट एन्ड खान, सन् १९९९, पृ.२४७ )। प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ। यस अध्ययनमा पुस्तकालयीय विधि तथा क्षेत्रकार्यका माध्यमबाट सामग्रीहरूको सङ्कलन गरी सामग्रीको अध्ययन विश्लेषण गरिएको छ। यस शोधमा अनुसन्धान कर्ता आफैं तथ्य सङ्कलन गर्ने औजारका रूपमा रहेको छ। अध्ययनमा भाषा पाठ्यक्रमलाई वर्णनात्मक र व्याख्यात्मक ढाँचामा विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययनमा पुस्तकालयीय तथा क्षेत्रकार्यबाट उपलब्ध तथ्याङ्कलाई विश्लेषण गर्न आगमनात्मक विधि अवलम्बन गरिएको छ।

## सैद्धान्तिक पर्याधार तथा पाठ्यक्रम विश्लेषणको ढाँचा

पाठ्यक्रमको विषयानुसार आफ्नै ढाँचा रहेको हुन्छ। यो एक व्यवस्थित योजना भएकाले मुख्य स्तम्भसहित अन्य आधारभूत अङ्गका साथ यसको निर्माण भएको हुन्छ। हरेक पाठ्यक्रम शिक्षणीय विषयवस्तुका आधारमा भिन्न भिन्न प्रकृतिका हुन्छन्। भाषा पाठ्यक्रम भने अन्य विषयका पाठ्यक्रमभन्दा भिन्न हुने गर्दछ। भाषा शिक्षणसम्बन्धी व्यवस्थित एवम् नियोजित कार्यक्रमलाई नै भाषा पाठ्यक्रम भनिन्छ ( शर्मा र पौडेल, २०६०, पृ. २७०)। यसको निर्माणमा सिकारुको तह र क्षमतालाई ख्याल गरी भाषिक सिप शिक्षणमा जोड दिडएको हुन्छ। अन्य विषयका पाठ्यक्रमले विषयवस्तुको ज्ञानलाई प्राप्त गर्ने ध्येय राखेको हुन्छ भने भाषा पाठ्यक्रमले भाषिक सिप हासिल गर्ने कुरालाई विशेष महत्त्व दिन्छ (ढकाल, २०६५, पृ. ५)। भाषाका पकठ्यक्रममा भाषाको बोध र अभिव्यक्ति क्षमताको विकासमा जोड दिइ भाषिक सिप सिकाइन्छ। खास तह वा कक्षाका लागि निर्माण गरिएका भाषा पाठ्यक्रम के कस्ता छन् र ती पाठ्यक्रम विद्यार्थीको तह, उमेर र स्तरअनुरूप छन् कि छैनन् भनी अध्ययन गर्ने मूल आधार नै भाषा पाठ्यक्रमको ढाँचा हो। यही ढाँचाभित्र समावेश भएका स्तम्भ र तिनको व्यवस्थित विस्तृतिलाई नै भाषा पाठ्यक्रम भनिन्छ।

पाठ्यक्रम भनेको पठनयोग्य सामग्रीहरू, क्रियाकलाप, मूल्याङ्कन प्रक्रियाको उद्देश्यपूर्ण संयोजन हो। यस अन्तर्गत शिक्षाका राष्ट्रिय, तहगत र विषयगत उद्देश्यका साथै विषयवस्तुको क्षेत्र र क्रम, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रियाको समेत उल्लेख गरिएको हुन्छ (ढुङ्गेल र दाहाल,२०५७, पृ.१८)। सामान्य अर्थमा पाठ्यक्रम भनेको के पढाउने, कसरी पढाउने भन्ने कुराको जानकारी दिलाउने दस्तावेज हो। प्रज्ञा नेपाली बृहत शब्दकोशमा पाठ्यक्रमलाई खास शैक्षिक सत्रभित्र सिकाउन सकिने विषय वा विषयहरूको योजना जसमा विषयको उद्देश्य, पाठ्यवस्तुहरूको पूर्वापरक्रम, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया तोकिएका हुन्छन् भनी परिभाषित गरिएको पाइन्छ। भाषा पाठ्यक्रम विद्यालयीय शिक्षण सिकाइ प्रक्रियाको एउटा महत्त्वपूर्ण र व्यवस्थित योजनाबद्ध प्रक्रिया हो। यो विद्यार्थीको भाषिक आवश्यकता परिपूर्ति गराउने खालको हुनुपर्दछ।

प्रज्ञा नेपाली बृहत शब्दकोशमा पाठ्यांश भन्नाले खास विषयमा विदयार्थीहरूले पढ्नुपर्ने पाठ्यक्रमको कुनै एक खण्ड वा कोर्ष, पाठ्यविषयको खास पक्ष, पदावलीलाई जनाउँछ भनी परिभाषित गरिएको छ। सम्बन्धित तह वा कक्षाका निमित्त निर्माण भएका भाषा पाठ्यक्रमको अवस्था, विद्यार्थीको तह, उमेर र स्तर अनुरुपता, उद्देश्यहरूको पूर्णता, पाठ्यउवस्तुको छनोट र वितरणको अवस्था, शिक्षण प्रक्रिया एवम् मूल्याङ्कनका आधार आदि विषयमा लेखाजोखा गर्ने काम पाठ्यांश विश्लेषणमा गरिन्छ। यसै सन्दर्भमा माध्यमिक शिक्षाको वर्तमान

नेपाली भाषा विषयको पाठ्यक्रमलाई  परिचय, तहगत सक्षमता तथा सिकाइ उपलब्धि, पाठ्यवस्तुको छनोट तथा स्तरण, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाका आधारमा अध्ययन विश्लेषण गरी यस अध्ययनलाई पूर्णता दिइएको छ ।

**पाठ्यक्रमको परिचय**

प्रस्तुत पाठ्यक्रमको शीर्षक माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १०) नेपाली भनेर राखिएको छ । कुनै पनि भाषाको पाठ्यक्रम कुन तह वा स्तरमा अध्ययनरत विद्यार्थीका निम्ति के कस्ता प्रयोजनका लागि तयार पारिएको हो भन्ने कुरा पाठ्यक्रम परिचयभित्र उल्लेख गरिन्छ । माध्यमिक तह अन्तर्गत कक्षा दशमा अध्ययन गर्ने विद्यार्थीहरूलाई नेपाली भाषामा बोध र अभिव्यक्ति क्षमताको विकास तथा रचना कौशलको विकास गर्नका निम्ति पाठ्यक्रम विकास केन्द्रबाट २०७८ सालमा माध्यमिक शिक्षा (कक्षा ९ र १०) नेपाली भाषाको पाठ्यक्रम तयार पारिएको छ । यस पाठ्यक्रममा परिचय, तहगत सक्षमता तथा कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरण, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका बारेमा चर्चा गरिएको छ । यस पाठ्यक्रममा बोध र अभिव्यक्ति, भाषिक संरचना र वर्णविन्यास, रचना कौशल र व्यावहारिक लेखनका माध्यमबाट भाषिक सिप विकासमा जोड दिइएको छ । पाठ्यक्रममा विभिन्न विधा अन्तर्गतका १६ ओटा पाठहरू समावेश गरिएका छन् जसमा कविता, कथा, निबन्ध, जीवनी, चिठी, मनोवाद, वादविवाद र एकाङ्की विधाहरू समाविष्ट छन् । यिनै विधा शिक्षणका माध्यमबाट भाषिक सिप विकास गराउने उद्देश्य यस पाठ्यक्रमको रहेको छ । विद्यार्थीहरूमा बोध र अभिव्यक्ति क्षमता तथा रचना कौशलको विकास गरी भाषिक सिप विकासमा टेवा पुग्ने भएकाले पाठ्यक्रमलाई सान्दर्भिक मानिएको छ ।

**तहगत सक्षमता तथा सिकाइ उपलब्धि**

कुनै कक्षा वा तहका सिकारुमा विकसित हुने भाषिक सिप, सक्षमता तथा अभिवृद्धि नै उद्देश्य वा सक्षमता हो । यसलाई सिकाइ उपलब्धि पनि भनिन्छ । उद्देश्य पाठ्यक्रमको केन्द्रीय घटक हो । उद्देश्यकै आधारमा सम्पूर्ण पाठ्यक्रमको गुणस्तर निर्धारण हुन्छ । पाठ्यक्रमको विषयवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन आदि समेत उद्देश्यबाट निर्देशित हुन्छन् । माध्यमिक शिक्षा (कक्षा ९ र १०) नेपाली विषयको अध्ययन पश्चात विद्यार्थीहरूमा हासिल हुने सक्षमतालाई तहगत सक्षमता भनी यस पाठ्यांशमा तपसिलबमोजिम उल्लेख गरिएको छः

*देखेका, सुनेका, पढेका, सिकेका र अनुभव गरेका विषयवस्तुको मौखिक र लिखित अभिव्यक्ति; मौखिक, लिखित एवम् सञ्चार माध्यमबाट प्रसारण हुने विषयवस्तुको बोध र अभिव्यक्ति; पाठगत सन्दर्भको पहिचान तथा घटना, चरित्र र परिवेशको बोध र प्रस्तुति; सामाजिक, सांस्कृतिक तथा व्यावहारिक अभिव्यक्तिमा आधारित लेखन; अन्तरभाषिक सांस्कृतिक मूल्यप्रति सचेततापूर्ण भाषिक व्यवहार प्रदर्शन; खोज र परियोजनालाई प्रस्तुत गर्ने भाषिक क्षमता विकास; प्रयोजन र परिवेश अनुसार भाषाको प्रयोग; नेपाली भाषाको व्यावहारिक विशेषताको पहिचान र स्तरीय रूपको प्रयोग र भाषिक कार्य सम्पादनमा कल्पनात्मकता, अनुमानात्मक, तार्किक, अन्तरक्रियात्मक, सिर्जनात्मक र समालोचनात्मक सिपको उपयोग जस्ता तहगत सक्षमतालाई यस पाठ्यांशमा  उल्लेख गरिएको छ ।*

प्रस्तुत पाठ्यक्रममा विशिष्ट उद्देश्यहरूलाई भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग जोडेर कक्षागत सिकाइ उपलब्धिको रूपमा लिइएको छ । भाषिक सिप अन्तर्गत सुनाइ र बोलाइका उद्देश्यहरूलाई बालबालिकाहरूको बोध र अभिव्यक्ति क्षमताको विकासका लागि उपयोग गरिएको छ भने पढाइ सिप विकासका उद्देश्यहरूलाई बोध क्षमताको विकासका लागि प्रयोग गरिएको छ । त्यसैगरी लेखाइ सिप विकासका लागि विभिन्न किसिमका व्यावहारिक र सिर्जनात्मक लेखनमा जोड दिइएको छ । यस पाठ्यांशमा विभिन्न विधाका माध्यमबाट सिप शिक्षण गर्ने उद्देश्य रहेको छ । आख्यानात्मक पाठ अन्तर्गत कथा शिक्षणको उद्देश्य कथानात्मक अभिव्यक्ति

सिपको विकास गर्नु रहेको छ । लयबद्ध पाठ अन्तर्गत कविता शिक्षणको प्रयोजन लयबोध, भावबोध तथा उच्चारण सिपको विकास गराउनु रहेको छ । जीवनी शिक्षणको मुख्य प्रयोजन भाषाको मौखिक तथा लिखित बोध तथा अभिव्यक्ति क्षमताको विकास गर्नु रहेको छ । निबन्ध शिक्षणको उद्देश्य विद्यार्थीमा बोध क्षमता र गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु रहेको छ । रुपक पाठको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमताको विकास गराउनु हो । व्यावहारिक लेखनको उद्देश्य चिठी, निवेदन, निमन्त्रणा, विज्ञापन, समवेदना, बधाई, भर्पाइ आदि लेखनको रचना कौशलको विकास गर्नु रहेको छ । भाषिक संरचनाको मुख्य प्रयोजन बालबालिकालाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गराउनु हो । विभिन्न विषय क्षेत्रका शब्दभण्डारको विकास गराउने दृष्टिकोण पनि यस पाठ्यक्रममा राखिएको छ ।

यस पाठ्यक्रममा सिकाइ सक्षमतालाई तहगत सक्षमता र कक्षागत सिकाइ उपलब्धि गरी दुई भागमा विभाजन गरिएको छ । नेपाली विषयको अध्ययन पश्चात विद्यार्थीहरूमा हासिल हुने सक्षमतालाई नौ वटा बुँदामा उल्लेख गरिएको छ । सिकाइ सक्षमता विद्यार्थीहरूको बोध र अभिव्यक्ति क्षमता विकास, व्यावहारिक लेखन, भाषिक व्यवहार प्रदर्शन, भाषिक क्षमता विकास, परिवेश अनुसार भाषाको प्रयोग, भाषाको स्तरीय रूपको प्रयोग, सिर्जनात्मक र समालोचनात्मक सिपको उपयोग जस्ता पक्षहरूसँग सम्बन्धित रहेका छन् । कक्षागत सिकाइ उपलब्धिलाई पनि भाषिक सिप सम्बद्ध सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी क्रमबद्ध रूपमा उल्लेख गरिएको छ जसलाई उपयुक्त मान्न सकिन्छ । प्रयोगात्मक तथा खोजकार्यलाई विद्यार्थीको सिर्जनात्मक क्षमता विकाससँग सम्बन्धित गरेर विश्लेषण गरिएको छ । समग्रमा पाठ्यक्रममा निर्धारित तहगत सक्षमता र सिपगत सिकाइ उपलब्धिहरू सान्दर्भिक रहेका छन् । विद्यार्थीहरूका आवश्यकतालाई समेट्न सक्ने र भाषिक सिप विकासमा टेवा पुग्ने भएकाले तहगत सक्षमता र सिकाइ उपलब्धिलाई व्यावहारिक तथा सान्दर्भिक र समयसापेक्ष रहेको मान्न सकिन्छ ।

**पाठ्यवस्तुको छनोट तथा स्तरण**

पाठ्यक्रममा निर्धारण गरिएका उद्देश्यहरूको परिपूर्तिका निमित्त पाठ्यवस्तुको चयन र स्तरण गरिन्छ । भाषा पाठ्यक्रममा भाषिक सिप विकासको अपेक्षा गरिएको हुन्छ । विषयगत र विधागत विविधता भएका सामग्रीहरूका माध्यमबाट विद्यार्थीहरूको बोध र अभिव्यक्तिगत क्षमता विकसित हुन सक्ने हिसावबाट पाठ्यवस्तुको निर्धारण गर्नुपर्छ (ढकाल, २०६५, पृ. ८५) । खास शिक्षणीय विषय नै पाठ्यवस्तु हो । यसलाई विषयवस्तु पनि भनिन्छ । पाठ्यांशको उद्देश्य अनुसार उद्देश्य परिपूर्तिका लागि सिक्ने सिकाउने विषयवस्तु विद्यार्थीको तह र स्तर अनुसार छनोट तथा स्तरण वा वितरण गरिन्छ । माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १०) को नेपाली विषयको वर्तमान पाठ्यक्रममा उद्देश्य अनुसार पाठ्यवस्तुको निर्धारण गरिएको छ ।

यस पाठ्यक्रममा विषयवस्तुको क्षेत्र तथा क्रम र विस्तृतीकरण (कक्षा ९ र १०) उल्लेख गरी विधाको क्षेत्र र क्रम निर्धारण गरिएको छ । विधा अन्तर्गत कथा, कविता, निबन्ध, जीवनी, चिठी, वादविवाद, मनोवाद र एकाङ्की रहेका छन् । कविता विधा अन्तर्गत गीति, गद्य र पद्य लयका नीति चेतनामूलक, श्रम संस्कृति, समाज र मानवमूल्य क्षेत्रका कवितालाई पाठ्यक्रममा समावेश गरिएको छ । ऐतिहासिक, पौराणिक, मनोवैज्ञानिक र सामाजिक क्षेत्रका कथाहरू यस पाठ्यक्रममा समाविष्ट भएका छन् । त्यसैगरी वस्तुपरक चिकित्सा, आत्मपरक र हास्यव्यङ्ग्य प्रकृतिका निबन्धहरूलाई पनि पाठ्यक्रममा समावेश गरिएको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा ख्यातिप्राप्त व्यक्तिका जीवनी विधालाई पनि पाठयक्रममा समाविष्ट गरिएको छ । व्यावहारिक लेखन अन्तर्गत व्यावसायिक चिठी र निवेदनलाई यस पाठ्यक्रममा समावेश गरिएको छ । सामाजिक र सांस्कृतिक क्षेत्रलाई समेटेर एउटा एकाङ्कीलाई पनि पाठ्यक्रममा समाविष्ट गरिएको छ भने मनोवाद र वादविवाद विधालाई पनि माध्यमिक तहको नेपाली पाठ्यक्रममा समावेश गरिएको छ ।

यसरी माध्यमिक तहको वर्तमान नेपाली भाषा विषयको पाठ्यक्रममा विभिन्न विधाहरूलाई १६ ओटा एकाइमा विभाजन गरी पाठ्यवस्तुको छनोट तथा वितरण गरिएको छ। यस पाठ्यक्रममा गद्य, पद्य र गीति लयका ३ वटा कविताहरू समेटिएका छन्। सामाजिक, ऐतिहासिक, पौराणिक, मनोवैज्ञानिक र लोक कथाका ४ वटा कथाहरूलाई पाठ्यक्रममा समाविष्ट गरिएको छ। आत्मपरक, वस्तुपरक र हास्यव्यङ्ग्य गरी ३ वटा निबन्धहरू पाठ्यक्रममा समावेश गरिएका छन्। व्यावहारिक लेखन अन्तर्गत निवेदन, व्यावसायिक र कार्यालयीय चिठी गरी २ वटा चिठीलाई पाठ्यक्रममा राखिएको छ। राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा ख्यातिप्राप्त व्यक्तित्वहरूका २ वटा जीवनी विधालाई पाठ्यक्रममा समाविष्ट गरिएको छ। कक्षा ९ मा संवाद र नियात्रालाई समेटिएको छ भने कक्षा १० मा वादविवाद, मनोवाद र एकाङ्कीलाई समेटिएको छ। यसरी पाठ्यक्रमा विधागत सन्तुलन मिलाएको पाइन्छ। विषयवस्तुको क्षेत्र र क्रमलाई विधाका पाठहरूका आधारमा बोध, अधिव्यक्ति, भाषिक संरचना र वर्णवविन्यास, भाषिक प्रकार्य र कार्यघन्टामा विस्तृतिकरण गरिएको छ। यी विविध विधा र क्षेत्रका माध्यमबाट विद्यार्थीहरूमा बोध र अभिव्यक्ति क्षमताको विकास, भाषिक संरचना र वर्णविन्यास, व्यावहारिक लेखन तथा रचना कौशलको विकास गर्ने लक्ष्य रहेको पाइन्छ। समग्रमा यस पाठ्यक्रमले भाषिक सिप विकासमा जोड दिएकाले पाठ्यवस्तुको छनोट र स्तरणलाई सन्तुलित तथा न्यायोचित रहेको मान्न सकिन्छ।

**सिकाइ सहजीकरण प्रक्रिया**

निर्धारित सक्षमता र कक्षागत सिकाइ उपलब्धि हासिल गर्नका लागि शिक्षक र विद्यार्थीले विषयवस्तुमा आधारित भई गर्ने क्रियाकलाप सिकाइ सहजीकरण हो। भाषा शिक्षण विषयवस्तुका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपहरूको शिक्षण हो। पाठ्यक्रमले निर्देश गरेका विभिन्न विधागत क्षेत्रलाई श्रुतिबोध, शब्दोच्चारण, पठनबोध, मौखिक र लिखित अभिव्यक्ति, शब्दभण्डार, भाषातत्त्व र वर्णविन्यासको अभ्यासका लागि उपयोग गर्नुपर्छ।

सिकाइ सहजीकरण भाषिक सिप, संरचना र शब्दभण्डारको हस्तान्तरणमा आधारित हुन्छ। विद्यार्थी केन्द्रित भएर भाषाको सिकाइ सहजीकरण व्यक्तिगत र सामूहिक अभ्यासमा आधारित हुन्छ। शिक्षकले विद्यार्थीलाई पर्याप्त अवसर उपलब्ध गराइ अभिप्रेरणामूलक तथा सन्दर्भमा आधारित भई भाषिक क्रियाकलाप गर्नुपर्छ। विद्यार्थीमा भाषिक दक्षता अभिवृद्धि गर्न र सिकाइप्रति अनुरागी बनाउन शिक्षकले सहजकर्ताको भूमिका निभाउनु पर्छ।

यस पाठ्यक्रममा सिकाइ सहजीकरणका लागि भाषिक सिपहरूमा आधारित क्रियाकलाप र विधाका माध्यमबाट सिपहरूको शिक्षण प्रक्रियालाई अवलम्बन गरिएको पाइन्छ। भाषिक सिपमा आधारित क्रियाकलाप अन्तर्गत भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाई केन्द्रित गरी शिक्षण क्रियाकलाप अवलम्बन गरेको छ। सुनाइ सिप अन्तर्गत वर्ण वा वाक्य विभेदीकरण, लयबोध, श्रुतिबोध, श्रुतिरचना, घटना वर्णनजस्ता क्रियाकलाप गराउनु पर्ने हुन्छ भने बोलाइ सिप अन्तर्गत छलफल, प्रश्नोत्तर, घटना वर्णन, वादविवाद, अभिनय जस्ता क्रियाकलाप गराउनु पर्छ। पढाइ सिप अन्तर्गत सस्वर र मौनपठन, पठनबोध, सारांश, घटना वर्णन जस्ता क्रियाकलाप गराउनु पर्छ। लेखाइ सिप अन्तर्गत अनुलेखन, श्रुतिलेखन, बुँदाटिपोट, भावविस्तार, अनुच्छेद लेखन, व्यावहारिक लेखन र विभिन्न विधामा सिर्जनात्मक लेखन लगायतका क्रियाकलाप गराउनु पर्छ। यस पाठ्यक्रममा बहुबौद्धिकता, समालोचनात्मक चिन्तन, सहकार्यात्मक क्रियाकलाप, शोधपुछ तथा प्रश्नोत्तर, अभिनय, स्वाध्ययन र छलफल, प्रयोगात्मक तथा खोजकार्य जस्ता सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गरेको छ। यसमा विद्यार्थीहरूका विविधताको पहिचान गरी उनीहरूको आवश्यकता अनुसार शिक्षण विधिको प्रयोग तथा सिकाइ क्रियाकलाप भने सुझाएको पाइदैन।

## विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यार्थीहरूले भाषा सिकाइका क्रममा प्राप्त गरेका ज्ञान, सिप र अभिवृद्धिको लेखाजोखा गर्ने काम मूल्याङ्कनबाट गरिन्छ । माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यक्रममा आन्तरिक र बाह्य गरी दुबै किसिमका मूल्याङ्कनका प्रक्रिया अवलम्बन गरेको पाइन्छ । मूल्याङ्कनले भाषिक सिप, संरचना र शब्दभण्डारको सिकाइ उपलब्धि स्तरलाई जनाउँछ । आन्तरिक मूल्याङ्कनको उद्देश्य विद्यार्थीहरूका सिकाइ समस्या पत्ता लगाइ शिक्षणमा सुधार ल्याउनु हो । यस अन्तर्गत कक्षाकार्य, गृहकार्य ,प्रयोगात्मक कार्य, व्यक्तिगत वा सामूहिक कार्य, सिर्जनात्मक कार्य, घटनावृत्त अभिलेख आदि साधनहरू पर्दछन् । आन्तरिक मूल्याङ्कनका क्षेत्रहरूलाई उपस्थिति र कक्षा सहभागिता, परियोजान कार्य, सिर्जनात्मक कार्य र प्रस्तुति, सुनाइ र बोलाइ, त्रैमासिक परीक्षा गरी निर्धारण गरेको छ ।

प्रस्तुत पाठ्यक्रममा शैक्षिक सत्रका अन्त्यमा राष्ट्रिय परीक्षा बोर्डद्वारा कक्षा दशको अन्तिम परीक्षा लिइ बाह्य मूल्याङ्कन गर्ने प्रावधान रहेको पाइन्छ । बाह्य मूल्याङ्कनबाट विद्यार्थीको पढाइ र लेखाइको उपलब्धिस्तर निर्धारण गरिन्छ । बाह्य मूल्याङ्कन गर्दा आन्तरिक मूल्याङ्कनको नतिजालाई समेत आधार मानेर स्तर निर्धारण र कक्षोन्नति गरिन्छ । बाह्य मूल्याङ्कनका लागि आन्तरिक मूल्याङ्कनबाट २५% र बाह्य मूल्याङ्कनबाट ७५% अङ्कभार निर्धारण गरिएको छ । बाह्य मूल्याङ्कनको परीक्षण गर्ने क्षेत्रहरू शब्दभण्डार, वर्णविन्यास, भाषिक संरचना, पठनबोध, निर्देशित रचना, व्यावहारिक लेखन, बुँदाटिपोट र सारांश लेखन, पाठगत बोध, भावविस्तार, समीक्षात्मक उत्तर, निबन्ध लेखनका माध्यमबाट विभिन्न भाषिक सिप र पक्षहरूलाई समेटेको पाइन्छ । यो मूल्याङ्कन प्रणाली ग्रेडिङ पद्धतिमा आधारित रहेको छ । यस मूल्याङ्कन प्रणालीमा भाषाका चारवटा सिपलाई परीक्षण गर्ने प्रावधान रहेको पाइन्छ ।

भाषा पाठ्यक्रमले भाषिक सिपका प्रकृति अनुसार लिखित, मौखिक र प्रयोगात्मक परीक्षाका विविध उपायहरू अपनाउनु पर्ने हुन्छ । भाषा पाठ्यक्रममा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गर्नुपर्ने हुन्छ । निर्माणात्मक मूल्याङ्कन अन्तर्गत प्रयोगात्मक कार्य वा परियोजना कार्य, कक्षा सहभागिता, सिर्जनात्मक कार्य, कक्षा कार्य, उपलब्धि परीक्षा, सिकाइ व्यवहारमा आएको परिवर्तन आदिजस्ता पक्षलाई उपयोग गर्नुपर्ने हुन्छ । भाषा सिकाइ अभ्यासमूलक हुने भएकाले यसमा मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका हुन्छ । निर्माणात्मक मूल्याङ्कनबाट विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गरी कमिकमजोरी सच्याउन सहयोग पुग्छ भने निर्णयात्मक मूल्याङ्कनबाट विद्यार्थीहरूको स्तर निर्धारण गरी कक्षा उकास्न मद्दत पुग्छ । यस पाठ्यक्रममा आन्तरिक मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन र बाह्य मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कनका रूपमा अवलम्बन गरेको पाइन्छ । यस आधारमा माध्यमिक तहको नेपाली भाषा विषयको मूल्याङ्कन प्रणाली उपयुक्त रहेको पाइन्छ ।

## निष्कर्ष

भाषिक सिप आर्जनका निमित्त तयार पारिएको समग्र शैक्षिक योजनालाई भाषा पाठ्यक्रम भनिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, लाई आधार मानी माध्यमिक शिक्षा (कक्षा ९ र १०) को नेपाली विषयको पाठ्यक्रमलाई परीक्षण गरी लागु गरिएको छ । माध्यमिक शिक्षा (कक्षा ९ र १०) को नेपाली विषयको पाठ्यक्रम, २०७८ लाई दृष्टिगत गर्दा भाषा शिक्षणका लागि उपयोगी, प्रयोगात्मक र व्यावहारिक बनाउने प्रयत्न गरिएको छ ।

प्रस्तुत पाठ्यक्रममा भाषिक सिपमा आधारित भएर सिकाइ उपलब्धि निर्धारण गरिएको छ भने पाठ्यक्रमको छनोट र स्तरणमा पनि ख्याल गरिएको छ । पाठ्यक्रममा विधाको क्षेत्र र क्रम स्पष्टरूपमा उल्लेख गरिनुका साथै भाषिक संरचना अन्तर्गत बालबालिकालाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गरिएको छ । यसका अतिरिक्त पाठ्यक्रममा तहगत र विषयगत सक्षमता तथा सिकाइ उपलब्धिलाई पनि निर्देशित गरिएको छ । शिक्षण

सिकाइलाई प्रभावकारि बनाउनका लागि सिकाइ सहजीकरण प्रक्रिया निर्देश गरिएको पाइन्छ भने भाषिक अभ्यास र क्षमता विकासका लागि सिर्जनात्मक अभ्यासमा जोड दिइएको छ। यस पाठ्यक्रममा साप्ताहिक पाठ्यघण्टा र वार्षिक कार्यघण्टा उल्लेख गरी मूल्याङ्कनका साधनको बारेमा पनि चर्चा गरिएको छ। समग्रमा माध्यमिक शिक्षा (कक्षा ९ र १०) को वर्तमान नेपाली भाषा विषयको पाठ्यक्रम उपयोगी, सान्दर्भिक र समयसापेक्ष रहेको पाइन्छ।

## सन्दर्भसामग्री सूची

*अमेरिकन साइक्लोजिकल एसोसियसन* (सन् २०२०), (सातौं सम्पा.) , पब्लिकेसन म्यानुअल एपिए।

आचार्य, लक्ष्मीप्रसाद (सन् २०२४), *पाठ्यक्रमको उपयोगका सन्दर्भमा नेपाली भाषा शिक्षकको दृष्टिकोण* ,जर्नल अफ एजुकेशन रिसर्च एण्ड इनोभेसन, आयाम ४, १ (२०२४)।

आचार्य , लक्ष्मी (२०८१), *नेपाली भाषा पाठ्यपुस्तकमा विषयवस्तुको समावेशिकता, विकासको निम्ति शिक्षा,* २७ (१) १०३–११६ /https:// doi.org/10.3126/bns. v27il. 66455 .

इन्डियाना डिपार्टमेन्ट अफ एजुकेशन (सन् २०१०), *डेफिनेसन अफ टर्मस, इन्डियन अकाउन्टबिलिटी सिस्टम फर एकेडेमिक फ्रोग्रेस* http:/www.doe.in.gov/ asap / definitions.htm.

गिरी, तिलकदेव (सन् २०२२*), भाषा पाठ्यक्रममा ब्लुमटेक्सोनोमीको उपयोग,* जर्नल अफ टिकापुर मल्टिपल क्याम्पस, आयाम ५, पृ. २१६–२३१।

घर्ती, दुर्गाबहादुर (२०८०) , अनुसन्धान पद्धतिः सिद्धान्त र प्रयोग, अनुसन्धान विमर्श नेपाल।

घिमिरे, दिनेश (२०७६) , *ऐतिहासिक र वर्तमान परिप्रेक्ष्यमा नेपाली भाषा पाठ्पुस्तक ( अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रि. वि. शिक्षाशास्त्र सङ्काय।*

घिमिरे, दिनेश (सन् २०२२), *परिमार्जित ब्लुमटेक्सोनोमीको अनुरूपताका दृष्टिले विद्यालय तहको नेपाली भाषा पाठ्यक्रम*, द मेगा जर्नल, आयाम २ (१) , पृ. ८२–१०८।

टायलर, आर .डब्लू. (सन् १९५७), द *करिकुलम देन एण्ड नाउ,* द इलेमेन्ट्री स्कुल जर्नल, ५७ (७), पृ. ३६४–३७४।

ढकाल, कृष्णराज (सन् २०२३), *माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिता* , NUTA JOURNAL,10 doi 10.3126/nutaj.vl oil–2.63052.

ढकाल, शान्तिप्रसाद (२०६५), भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति, अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७), *नेपाली भाषा पाठ्यक्रम,पाठ्यपुस्तक तथा शिक्षणपद्धति,* एम. के. पब्लिसर्स एन्ड डिस्टिब्युटर्स।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६* ।

पाठ्यक्रम विकास केन्द्र (२०७८), *माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८ (कक्षा ९ र १०)* ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०७५), *नेपाली बृहत् शब्दकोश (दशौं संस्क.)* , नेपाल प्रज्ञाप्रतिष्ठान

पौडेल, सुरज (सन् २०२२), *कक्षा दशको नेपाली पाठ्यक्रम (२०७१) को विश्लेषण* , अवधारणा, आयाम ७, पृ. ६३–७१।

पौड्याल, शालिकराम (सन् २०२२), *अनुसन्धानात्मक लेखको एपिए ढाँचा र पद्धति*, बुटवल क्याम्पस जर्नल, आयाम ५ (१) , पृ. १७४–१८९।

बन्धु, चुडामणि (२०५२), ( प्रथम संस्क*.) अनुसन्धान तथा प्रतिवेदन लेखन*, रत्नपुस्तक भण्डार।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* विद्यार्थी पुस्तक भण्डार।

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल (सन् २००५), *अपाङ्ग परिप्रेक्षबाट पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका*

*अध्ययन विश्लेषण,* पाठ्यक्रम विकास केन्द्र।

शर्मा , केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* न्यू हिरा बुक्स इन्टरप्राइजेज।

शर्मा, केदारप्रसाद (२०६३*), विद्यालय तहका भाषा पाठ्यक्रम– भाषा पाठ्यपुस्तक अनुरूपताको अध्ययनका आधारहरू*, सम्प्रेषण (३) ,पृ. १५–१७।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७९), *शोधविधि (छैटौं संस्क.* ), साझा प्रकाशन।